| | | |
|---|---|---|
| ६. मेटेरियोलजी समूह | एम. ई., एम. एस्सी., एम. एस., एम. टेक। सेवा प्रवेशको बखत स्नातक उपाधि हासिल नगरी सोझै स्नातकोत्तर उपाधि हासिल गर्नेहरूको लागि विद्यावारिधि (पीएच. डी.)। | मेटेरियोलजी, मेटेरियोलजी इन्जिनियरिङ, एग्रीकल्चर क्लाइमेटालजी, क्लाइ-मेटालजी, एट्मोसफेरिक फिजिक्स (वायुमण्डलीय भौतिक विज्ञान)। |

आज्ञाले,
भुवनेशकुमार प्रधान
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय भुगुको प्रमुख जिल्ला अधिकारी श्री नारायण झा मिति २०४७।८।२० देखि घर बिदामा बस्नुभएकोले उहाँ बिदा बसी कार्यालयमा हाजिर नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख)ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्रशासकीय अधिकृत श्री दुर्गानाथ गौतमलाई सोही मितिदेखि नै लागू हुने गरी का.मु.मकरर गरेको छ।

## सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय गोर्खाका प्रमुख जिल्ला अधिकारी श्री ईश्वरनारायण पाण्डे मिति २०४७।६।८ देखि घर बिदामा बस्नुभएकोले उहाँ बिदा बसी कार्यालयमा हाजिर नभएसम्मको लागि नि.से.नि., २०२१को नियम ८.२ को उपनियम (१)को खण्ड (ख)ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सीमा प्रशासन शाखा गोर्खाका शा.अ. श्री उद्धवबहादुर थापालाई सोही मितिदेखिनै लागू हुने गरी का.मु.मुकरर गरेको छ।



352

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।